# श्री भैरब मन्दिर निर्माण
# संक्षिप्त परिचय



## श्री भैरब सांस्कृतिक संरक्षण समिति

भैरवटोल, पोखरा-२

## १. श्री भैरव र गणनृत्यको संक्षिप्त इतिहास

अनुमानतः झण्डै २५० वर्ष पुरानो गण नृत्य (जनबोलीमा भैरव नाच/बाह्र भैरव नाच) को रागमा राजा रणजीत मल्लको नाम उल्लेख हुनुले पोखरामा यो नृत्यको आगमन भक्तपुर बाट भएको र भक्तपुरका राजा रणजीत मल्लको पाला भन्दा अघि देखि नै यो नृत्य संचालनमा रहेको अनुमान गर्न सकिन्छ । यो नृत्यमा काल भैरव सप्त मातृका (काली, इन्द्रायणी, वाराही, कुमारी, बैष्णवी, ब्रम्हायणी, गंगा) गणेश, दागिनी, भुच्चा, कवाङ गरि बाह्र पात्र रहेका छन् । नृत्यको नेतृत्व श्री भैरव बाट हुनाले तथा बाह्र पात्र भएकोले आम जनसाधरण सामु यो नृत्य भैरव वा बाह्र भैरव नाचको नामले लोकप्रिय बनेको छ ।

विशेषतः पोखराको नेवार समुदायले यो नृत्य संचालनको अभिभारा शुरूदेखि नै बहन गर्दै आएको भएतापनि वि.स. २०२९ मा भैरव संस्कृतिक संरक्षण समिति गठन गरि संस्थागत रूपमा यो नृत्य संचालन हुँदै आएको छ । सुरुमा प्रत्येक बाह्र वर्षमा आयोजना हुँदै आएको यो नृत्य अहिले प्रत्येक ६ वर्षको अन्तरालमा हुने गरेको छ । यो नृत्यको आयोजनामा मूलतः नेवार समुदाय संलग्न रहेको भए पनि सबै स्थानीय बासिन्दा को घर आगनमा प्रदर्शन गरिने र यस नृत्य प्रति आम पोखरेलीको आस्था, श्रध्दा र गर्व रहेको पाइन्छ ।

यसै भैरव नृत्यमा प्रयुक्त मुखुण्डोहरूको सापारूका दिनमा सार्वजनिक रूपमा प्रदर्शन र पुजन गर्दै आएकोमा यस समितिको पोखरा महानगरपालिका वार्ड न २ भैरव टोल (पहिले लामाचौतारा भनेर चिनिने यस टोल श्री भैरवकै नामबाट भैरवटोल नामाकरण भएको यहाँ स्मरणीय छ ।) स्थित भवनको छतमा श्री भैरवनाथ मन्दिरको निर्माण गरी पूजा आरधाना गरिदै आएको छ । उक्त मन्दिरमा आम भक्तजनहरूको पहुँच सहज नभएको र श्री भैरवको



मन्दिर को यथोचित प्रचार प्रसार नभएको सन्दर्भमा यस समितिको बैठकले भवनको भुइँतलाको पछाडी श्री भैरवनाथको मन्दिर निर्माण गर्ने निर्णय गरि संरचनात्मक ढाँचा निर्माण सम्पन्न गरिएको छ ।


ज्योती

## २. प्रस्तावित मन्दिर र यससँग रहने अन्य संरचना :

दुईतले प्यागोडा शैलीमा निर्माण गरिने श्री भैरवनाथ मन्दिर संगै जुत्ता चप्पल राख्ने कक्ष, हात धुने धारा,दाताहरूको अभिलेख राख्ने स्मारक, कलात्मक हिटी, डबली, बाटिका (सानो बगैचा) र फलेचा निर्माण गरिने छ । मन्दिरको चार कुनामा एक/एक घण्ट रहने छ । यस मन्दिर काष्ठकला, प्रस्तरकला र धातुकलाको संगम हुनेछ ।

त्यस्तै गरि समितिको भवन अगाडिको मूल सडकमा श्री भैरवद्धार र भवनबाट मन्दिर प्रस्थान गर्ने स्थानमा कलात्मक प्रवेशद्धार निर्माण गर्ने योजना समेत यस समितिको रहेको छ । मन्दिर निर्माण कार्यको लागि डिजाइन र इस्टिमेटको कार्य सम्पन्न हुनुका साथै घण्ट र हिटीको निर्माणको लागि सहयोगको वचनवध्दता प्राप्त भइसकेको छ । श्री भैरवनाथको मन्दिर भित्र श्री कालभैरवको प्रस्तर प्रतिमा स्थापना गरिनेछ ।


चार भैरव

## ३. प्रस्तावित बजेट (Propose Budget)

सुन्दर शहर पोखराको भैरवटोलमा **'भैरव मन्दिर'**को भौतिक पूर्वाधार निर्माणका लागि प्राविधिकले तयार गरेको नक्साङ्कन र रूपरेखा अनुसार मूल्य अभिवृद्धि कर (VAT), निर्माण कर्ताको मुनाफा र बजार मुल्य वृद्धिको आङ्कलनसहित अनुमानित प्रस्तावित बजेट रू २,०६,९१,८९५।- (दुई करोड छ लाख एकानब्बे हजार आठ सय पञ्चानब्बे मात्र ।) प्रक्षेपण गरिएको छ । स्रोत साधनको परिचालनका लागि मनकारी दाता, समुदाय, संघसंस्था,

स्थानीय र प्रदेश सरकारसँग सहकार्य गरी भौतिक पूर्वाधार निर्माणका लागि आर्थिक सहयोग संकलन गरिनेछ । जसलाई सुशासनयुक्त पारदर्शी शैलीमा व्यवस्थापन गरिनेछ । मुल मन्दिर बाहेक अन्य संरचनाको निर्माणमा थप एक करोड खर्च हुने अनुमान गरिएको छ ।



चार देवी

## ४. स्रोत परिचालन

भौतिक पूर्वाधारविना संस्थाको लक्ष्य र उद्धेश्य कार्यान्वयन गर्न कठिन हुने भएकाले समितिले देहाय बमोजिमका स्रोतहरू परिचालन गर्नेछ :

- समितिका सदस्य, आजीवन सदस्य र संरक्षकबाट प्राप्त शुल्क र सहयोग
- मनकारी दाताहरूबाट स्वेच्छाले प्रदान गरेको नगद तथा जिन्सी सहयोग
- समुदाय, स्थानीय निकाय, प्रदेश सरकार र मन्त्रालयबाट प्राप्त आर्थिक अनुदान
- शुभेच्छुक, स्थानीय संघसंस्था र विदेशमा रहेका भक्तजनहरु बाट प्राप्त सहयोग

## ५. मन्दिर सञ्चालन :



गणेश

श्री भैरव साँस्कृतिक संरक्षण समितिले मन्दिर संचालन नियमावली तर्जुमा गरी एक उप-समिति मातहत मन्दिरको सञ्चालन गर्नेछ । यसको आम्दानी खर्च पूर्णतः पारदर्शी हुनेछ ।

मन्दिर परिसरलाई स्वच्छ, सफा र हरियाली राख्नुका साथै यस परिसरमा नियमित भजनको व्यवस्था तर्फ पनि समितिको सोच रहेको छ ।

मन्दिरमा दर्शन,पुजनका अतिरिक्त वैदिक वा तान्त्रिक अनुष्ठानहरू गर्ने व्यवस्था क्रमस : विस्तारित गर्दै लगिनेछ ।

## ६. नृत्य प्रबन्ध :



भुत्वा, कवाङ

श्री गण नृत्य (नेपाल भाषामा गंप्याखँ/स्थानीय जनजिब्रोमा भैरव नाच वा बाह्र भैरव नाच) को प्रत्येक ६ वर्षको अन्तरालमा प्रदर्शनको प्रबन्ध मिलाइने छ । प्रदर्शनको लागि नृत्यको पूर्वाभ्यास मन्दिर परिसरकै डबलीमा गरिनेछ । मुखुन्डोको तान्त्रिक विधिबाट प्राण प्रतिष्ठा पनि मन्दिर परिसरमा सम्पन्न गरिनेछ ।

## ७. श्री भैरव साँस्कृतिक संरक्षण समितिद्वारा 'भैरव मन्दिर' को भौतिक पूर्वाधार निर्माणमा सहयोग पुऱ्याउनु हुने सहयोगी मनहरुको हकमा अख्तियार गरिने नीति :

१. नगद रू. ५,०००।- वा सो भन्दा माथिको रकम वा जिन्सी सहयोग प्रदान गर्ने दाताको नाम स्मारिकामा प्रकाशन गरिने छ ।

२. नगद रू. १०,०००।- वा सो भन्दा माथिको रकम वा जिन्सी सहयोग प्रदान गर्ने दाताको नाम शिलालेखमा उल्लेख गरिनेछ ।

३. नगद रू. २५,०००।- वा सो भन्दा माथिको सहयोग रकम प्रदान गर्ने दाताको नाम स्मारिका तथा शिलालेखमा उल्लेख गर्नुका साथै सम्मानपत्रद्वारा सम्मानित गरिनेछ ।

४. नगद रू. ५०,०००।- वा सो भन्दा माथिको रकम वा जिन्सी सहयोग प्रदान गर्ने दाताका हकमा दफा ३ मा उल्लेख भएका साथै श्री भैरवको लकेट प्रदान गरिनेछ ।



दागिनी

५. नगद रू. १,००,०००।- वा सोभन्दा माथिको रकम वा जिन्सी सहयोग प्रदान गर्ने दाताको नाम दफा ४ मा उल्लेख भएको साथै सार्वजनिक समारोहमा दोसल्ला ओढाइ सम्मान गरिने छ ।

६. नगद रू. ५,००,०००।- वा सो भन्दा माथि सहयोग प्रदान गर्ने दाताको हकमा दफा ५ मा उल्लेखित विवरण अनुसार सम्मान प्रदान गरिनुका साथै शिलालेखमा दाताको ३ पुस्ते विवरण उल्लेख गरिनेछ ।

७. नगद १०,००,०००।- वा सो भन्दा माथिको रकम सहयोग प्रदान गर्ने दाताको हकमा समितिको निर्णयानुसार हुनेछ ।

## ८. श्री भैरव साँस्कृतिक संरक्षण समिति पोखराको कार्य समितिको नामावली

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | तीर्थमान प्रधानाङ्ग | ९८५६०२५६६८ |
| २. | उपाध्यक्ष | कृष्णबहादुर श्रेष्ठ | ९८४६०२०७२४ |
| ३. | सचिव | सुरेन्द्रमान बिजुक्छे | ९८५६०२४०६३ |
| ४. | कोषाध्यक्ष | महेन्द्र बजिमय | ९८५६०३७२१७ |
| ५. | सहसचिव | गौतम बिजुक्छे | ९८५६०३०५९९ |
| ६. | सदस्य | निर्मल बिजुक्छे | ९८५६०३१२३४ |
| ७. | सदस्य | मुक्तिकुमार बजिमय | ९८५६०६८८८० |
| ८. | सदस्य | धर्म उदास | ९८४६०६५८२३ |
| ९. | सदस्य | भरत भारी | ९८४६१७७९३९ |
| १०. | सदस्य | विक्रम उदास | ९८५६००१००० |
| ११. | सदस्य | गजेन्द्र भारी | ९८५६०३४२४८ |
| १२. | सदस्य | रमेश कुमार बाटाजु | ९८५६०२६०४७ |
| १३. | सदस्य | पुष्पराज बाटाजु | ९८४६०४५८३६ |
| १४. | सदस्य | बुद्धिप्रसाद ताम्राकार | ९८४६११४९२ |
| १५ | सदस्य | बुद्ध बहादुर उदास | ९८५६०२२१०६ |

## श्री भैरव साँस्कृतिक संरक्षण समिति पोखराका सल्लाहकारहरु

| | | |
|---|---|---|
| १. | सल्लाहकार | गुरु कृष्णदेव प्रधानाङ्ग |
| २. | सल्लाहकार | उपगुरु मेघ बहादुर ताम्राकार |
| ३. | सल्लाहकार | नायो जगत बहादुर ताम्राकार |
| ४. | सल्लाहकार | टंकमान नापित |
| ५. | सल्लाहकार | अशोक पालिखे |
| ६. | सल्लाहकार | तीर्थ श्रेष्ठ |
| ७. | सल्लाहकार | केदार प्रसाद मर्सानी |
| ८. | सल्लाहकार | रमेश श्रेष्ठ |
| ९. | सल्लाहकार | रामेश्वर मल्ल |



वाद्य वाधन/रागी समूह

## मन्दिर निर्माण उप-समिति

संयोजक : कृष्ण बहादुर श्रेष्ठ
सह-संयोजन : निर्मल विजुक्छे
सचिव : सुरेन्द्रमान विजुक्छे
कोषाध्यक्ष : महेन्द्र बजिमय
सदस्यहरु : धर्म उदास
विक्रम उदास
गौतम विजुक्छे
रमेश कुमार बाटाजु
रूपेश विजुक्छे
सल्लाहकार : तीर्थ श्रेष्ठ
: रामेश्वर मल्ल

## अर्थ संकलन उप-समिति


संयोजक : महेन्द्र बजिमय
सदस्य : शुशिल प्रधानाङ्ग
भक्तराज श्रेष्ठ
गोकर्ण लिगल
प्रेम कर्माचार्य

## प्रचार प्रसार तथा सम्पर्क उप-समिति


संयोजक : रामेश्वर मल्ल (वडा अध्यक्ष)
उप-संयोजक : गजेन्द्र बहादुर भारी
सदस्य : अरूण ताम्राकार
: सुवोध ताम्राकार

## अनुगमन उप-समिति

संयोजक : निर्मल विजुक्छे
सदस्य : केदार प्रसाद मर्सानी



निर्माणधिन भैरव मन्दिर



निर्माणाधिन भैरव मन्दिरको नक्सा